संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ३३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल असार २० गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रतिनिधि सभामा विपक्षी दलका नेता मा० श्री के.पी. शर्मा ओलीले नेपाल र अमेरिकी सम्झौता एस.पी.पी.को सम्बन्धमा आदान प्रदान भएका पत्रहरु, बजेट निर्माणमा अनधिकृत व्यक्ति प्रवेश गराइएकोमा संसदीय छानविन समिति गठन हुनुपर्ने, उच्च घरानाहरुलाई फाइदा हुने किसिमबाट बजेटमा भन्सारका दरहरु राखिएको, तीन महिनासम्म सुरक्षित राख्नुपर्ने सी.सी.टि.भी. को रेकर्ड तेह्र दिनमा हटाईएको लगायतका विषयहरुमा आफ्नो भनाइ राख्नुभयो ।

तत्पश्चात मा० श्री विशाल भट्टराईले बजेट निर्माणका क्रममा अनधिकृत व्यक्ति प्रवेश गराइएको विषयलाई प्रमुख प्रतिपक्षी दलले सदनमा गम्भिर रुपमा राख्दै आएको छ र आजको बैठकमा समेत प्रमुख प्रतिपक्षी दलका नेताले समेत सो विषयमा विस्तृत रुपमा भनिसक्नुभएको छ भन्नुहुँदै सदनले उक्त विषयमा सत्य तथ्य छानविन गर्न संसदीय छानविन समिति गठन गर्नुपर्दछ भन्ने विषयमा प्रमुख प्रतिपक्षी दलको अडान कायम रहेको जानकारी गराउँदै सम्माननीय सभामुखबाट यस विषयमा रुलिङ्ग होस् भन्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) तथा धारा ७८ को उपधारा (१) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा देहायअनुसार नियुक्ति र कार्यविभाजन गरी मन्त्रिपरिषद् गठन गर्नुभएको छ ।

| क्र.सं. | नाम, थर | पदनाम | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री शेरबहादुर देउवा | प्रधानमन्त्री | रक्षा |
| २. | श्री बालकृष्ण खाँण | मन्त्री | गृह |
| ३. | श्री ज्ञानेन्द्रबहादुर कार्की | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ४. | श्री पम्फा भुसाल | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाई |
| ५. | श्री राजेन्द्रप्रसाद श्रेष्ठ | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| ६. | श्री जनार्दन शर्मा | मन्त्री | अर्थ |
| ७. | श्री उमाकान्त चौधरी | मन्त्री | खानेपानी |
| ८. | डा. नारायण खड्का | मन्त्री | परराष्ट्र |
| ९. | श्री रेनुकुमारी यादव | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| १०. | श्री दिलेन्द्रप्रसाद बडू | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| ११. | श्री देवेन्द्र पौडेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १२. | श्री महिन्द्र राय यादव | मन्त्री | कृषि तथा पशुपंक्षी विकास |
| १३. | श्री उमा रेग्मी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १४. | श्री शशी श्रेष्ठ | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १५. | श्री रामसहाय प्रसाद यादव | मन्त्री | वन तथा वातावरण |
| १६. | श्री महेश्वरजंग गहतराज | मन्त्री | युवा तथा खेलकूद |
| १७. | श्री गोविन्द प्रसाद शर्मा (कोइराला) | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| १८. | श्री जीवनराम श्रेष्ठ | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १९. | श्री मेटमणि चौधरी | मन्त्री | सहरी विकास |
| २०. | श्री भवानीप्रसाद खापुङ | मन्त्री | स्वास्थ्य तथा जनसंख्या |
| २१. | श्री शेरबहादुर कुँवर | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| २२. | श्री उमेश श्रेष्ठ | राज्यमन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २३. | श्री बोधमायाकुमारी यादव | राज्यमन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| २४. | श्री हिराचन्द्र के.सी. | राज्यमन्त्री | स्वास्थ्य तथा जनसंख्या |

मिति : २०७९/३/१२ (डा. तोयनारायण ज्ञवाली)

सचिव

तदुपरान्त प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले प्रतिनिधि सभामा उत्पत्ति भएको “विनियोजन विधेयक, २०७९”, “आर्थिक विधेयक, २०७९”, “राष्ट्र ऋण उठाउने विधेयक, २०७९” र “ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक, २०७९” का सम्बन्धमा राष्ट्रिय सभाबाट सुझाव विना पारित भएको सन्देशहरुको जानकारी गराउनु भयो ।

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले राष्ट्रिय सभामा उत्पत्ति भएको "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९" र "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" संशोधन विना र "रेल्वे विधेयक, २०७९" संशोधन सहित पारित भएको सम्बन्धी राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयकहरु टेबुल गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले "नेपालको संविधानको धारा ५३ एवं सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिमको नेपाल सरकारको वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०७७/२०७८" पेश गर्नुभयो ।

तदुपरान्त कानून, न्याय तथा मानव अधिकार समितिका मा० सभापति श्री कृष्णभक्त पोखेलले "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७९" र "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७९" पेश गर्नुभयो ।

तत्पश्चात राज्य व्यवस्था तथा सुशासन समितिका मा० ज्येष्ठ सदस्यको तर्फबाट मा० श्री देवेन्द्र राज कंडेलले "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७९" पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले राष्ट्रिय सभामा उत्पत्ति भएको "नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले "शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहितको मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहित "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री मन कुमारी जि.सी.
४. मा० श्री घनश्याम खतिवडा
५. मा० श्री गिरिराजमणि पोखरेल
६. मा० डा० सूर्यप्रसाद पाठक

त्यसपछि मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" का सम्बन्धमा शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १५ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री प्रेम सुवालले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ८४ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै बैठकको कार्यक्रम अगाडि बढाउने जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" का सम्बन्धमा शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १५ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" का सम्बन्धमा शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १५ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ३७ सम्म "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल असार २२ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक दिनको ४:०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव